का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक २५७
- २५ कात्तिक २०७८, बिहीबार
- 11 November 2021, Thursday

www.madhyanhadaily.com

पृष्ठ ८ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

ई-पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला।



छठ पर्वका अवसरमा सजाइएको जानकी मन्दिर । बुधबार अस्ताउँदो सूर्यलाई अर्घ दिएर छठ मनाइएको छ । तस्वीरः अजयकुमार साह, रासस

## सुल्झिएन एमालेको समस्या

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक ।

मंसिरमा १०औं महाधिवेशनको तयारीमा रहेको नेकपा एमालेभित्र असन्तुष्टि चर्कोगरी प्रकट हुन थालेको छ । १० बुँदे सहमति गरी एमालेमै बसेका नेताहरुलाई पेलेर जाने अध्यक्ष केपी शर्मा ओलीले संकेत दिएपछि असन्तुष्टि सार्वजनिक हुन थालेको हो । १० बुँदे सहमति पक्षधर र संस्थापन बीच विवाद हुँदा सुनसरीमा माइक खोस्नेसम्मको दृष्य देखिएको छ ।

सुनसरीमा २ जेठ २०७५ अगाडिको अध्यक्ष र पछि ओलीले बनाएका अध्यक्षले पद छोड्न मानेका छैनन् । साविकको अध्यक्ष रमेश बस्नेत छन् भने ओली पक्षले रेवतीरमण भण्डारीलाई अध्यक्ष बनाएका छन् । बुधबार भण्डारीले बैठक राखेपछि बस्नेत पक्षका नेता एवम् इटहरी नगरपालिकाका मेयर द्वारिकालाल चौधरी माइक खोस्न पुगेको थिए । त्यसपछि भने संस्थापन इतर पक्ष नेताहरुले बैठक बहिष्कार गरे । १० बुँदे सहमतिअनुसार बस्नेत अध्यक्ष हुनुपर्ने भएपनि सुनसरीमा भण्डारीले नेतृत्व छोड्न मानेका छैनन् ।

सुनसरीकै जस्तो समस्या डडेलधुरामा पनि देखिएको छ । ओली पक्षले १० बुँदे सहमतिअनुसार जिल्ला नेतृत्व नमानेको भन्दै अध्यक्ष डा.तारा जोशी सहित ठूलो समूह नेकपा एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । पार्टी प्रवेश गराउन अध्यक्ष माधवकुमार नेपाल हेलिकोप्टर चार्टर गरेरै डडेलधुरा पुगेका थिए ।

कपा एमाले डडेल्धुराका अध्यक्ष डा. तारा जोशीसहितका नेता कार्यकर्ता एकीकृत समाजवादी पार्टीमा प्रवेश गरेका छन् । अध्यक्ष जोशी सहित उपाध्यक्ष बिरेन्द्र बस्नेत, सचिव धनबहादुर सावद, उपसचिव सकुन्तला नगरकोटी लगायत जिल्ला कमिटीको ठूलो संख्या एकीकृत समाजवादीमा प्रवेश गरेका हुन् ।

पार्टी नेताहरुसँगै जनसंगठन समेत एकीकृत समाजवादीमा प्रवेश गरेका छन् । डडेलधुराका १४ जनसंगठन एकीकृत समाजवादीमा प्रवेश गरे । १० बुँदे अनुसार जोशी अध्यक्ष हुन् । तर ओली पक्षले प्रकाश साउदलाई अध्यक्ष बनाएको छ । अन्यत्र पनि समस्या भएपनि सूदुरपश्चिम प्रदेशमा धेरै विवाद देखिएको छ । मंगलबार मात्रै कैलालीमा बाँकी पृष्ठ २ मा



> पार्टी विभाजन हुँदा १० बुँदे सहमति गरी नेकपा एमालेमै बसेका नेताहरूलाई पेलेर जाने अध्यक्ष केपी शर्मा ओलीले संकेत गरेपछि असन्तुष्टि सार्वजनिक रुपमै प्रकट हुन थालेको छ ।

# गठबन्धन जोगाउने प्रयास



**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक ।

संघीय सरकार सहित सातै प्रदेशमा गठबन्धन गरेको पाँच राजनीतिक दलका शीर्ष नेताहरु आगामी चुनावसम्मै गठबन्धन जोगाउन प्रयत्नमा लागेका छन् । नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन गठबन्धन गरेका नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्ट्रिय जनमोर्चाले सातै प्रदेशमा गठबन्धन सरकार बनाएको छ । गठबन्धन गरेकै कारण संघीय संसद् सहित अहिले पनि पाँच प्रदेशको सवैभन्दा ठूलो दल नेकपा एमाले भने प्रतिपक्षी भूमिकामा पुगेका छन् । कतिसम्म भने प्रत्यक्षतर्फ एक सिट मात्रै जितेको नेपाली काँग्रेसले प्रदेश सरकार समेत बनाएको छ ।

> सत्ता साझेदार पाँच दलको गठबन्धन आगामी चुनावसम्मै जोगाउने प्रयत्नमा नेताहरु लागेका छन् । संघीय संसद र सातै प्रदेश सरकार बनाउन गठबन्धन गरेका दलहरु राष्ट्रियसभा निर्वाचनमा गठबन्धन गर्न तयार भएका छन् ।

प्रतिनिधिसभामा ६१ सांसद रहेको काँग्रेसले सरकारको नेतृत्व बाँकी पृष्ठ २ मा

## आजबाट जनगणना

**काठमाडौं/रासस–** १२औँ शृङ्खलाको गणनाकार्य आजबाट शुरु हुँदैछ । ९ मंसिरसम्म गणना हुनेछ । जनगणनाको पहिलो चरणमा घर तथा घरपरिवार सूचीकरण यसअघि नै भइसकेको छ । सूचीकृत भइसकेका र कुनै कारणले छुटेका समेत सबै परिवारमा गणक पुगी १५ दिनभित्र सबै व्यक्तिको विस्तृत विवरण संकलन गर्न करिब ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक परिचालित भएका छन् ।

जनगणना सफल बनाउन केन्द्रदेखि वडा तहसम्म विभिन्न जनगणना समन्वय तथा सहजीकरण समिति गठन गरिएको तथ्याङ्क विभागका महानिर्देशक नेबिनलाल श्रेष्ठले बताए । उनका अनुसार जनगणना सञ्चालन गर्न सात प्रदेशमा जनगणना कार्यालय सहित ८७ जिल्ला जनगणना कार्यालय र त्यसअन्तर्गत ३४९ स्थानीय जनगणना कार्यालय स्थापना भएका छन् ।

जनगणनाको फाराममा ८० वटा प्रश्नावली छन् । एक परिवारलाई प्रश्नावली भर्नाका लागि औसतमा २० मिनेट समय लाग्ने बताइएको छ । यस क्रममा देशभरका छ हजार ७४३ वडाबाट आधार बाँकी पृष्ठ २ मा

## इन्धनको मूल्य बढ्यो

**काठमाडौं/मस–** नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । निगमले बुधबार रातिदेखि लागू हुनेगरी पेट्रोल, डिजेल र मट्टितेलको मूल्य प्रतिलिटर ३/३ रुपैयाँले बढाएको हो । हवाई इन्धनको प्रतिलिटर ५ रुपैयाँ र खाना पकाउने एलपी ग्यासको मूल्य ७५ रुपैयाँ बढेको छ । यससँगै अब पेट्रोलको भाउ प्रतिलिटर एक सय ३६ रुपैयाँ पुगेको छ । यस्तै डिजेल र मट्टितेलको प्रतिलिटर एक सय १९ रुपैयाँ पुगेको छ । आन्तरिक हवाई इन्धनको मूल्य प्रतिलिटर १०१ र अन्तर्राष्ट्रिय हवाई इन्धनको मूल्य प्रतिकिलोलिटर ८९५ अमेरिकी डलर पुगेको छ । एक सिलिण्डर एलपी ग्यासको मूल्य १५ सय ७५ रुपैयाँ पुगेको छ ।

## ‘कतार भिसा सेन्टरमा सेटिङको प्रमाण भेटियो’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ कात्तिक

वैदेशिक रोजगारीमा कतार जाने कामदारको सुविधा बढाउने भन्दै नेपालमा स्थापित कतार भिसा सेन्टर (क्यूभीसी) सेटिङमा चल्न थालेको फेरि गुनासो बढेको छ । क्यूभीसीले वैदेशिक रोजगारीमा कतार जाने कामदारलाई पारदर्शिता र खुला प्रतिस्पर्धाको आधारमा एप्वाईन्टमेन्ट दिनुपर्नेमा अनुचित साँठगाँठ गरेको वैदेशिक रोजगार व्यवसायीहरुको दाबी छ । बुधबार भएको घटनाले अनुचित साँठगाँठ गरेर एप्वाईन्टमेन्ट दिएको प्रष्ट भएको नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव सुजित कुमार श्रेष्ठले बताए ।

उनले भने, ‘सेटिङमा एप्वाईन्टमेन्ट दिइँदैछ भन्ने सूचना आयो, उक्त सूचना फलो गर्दै क्यूभीसी जाँदा सूचना सत्य देखियो, नोभेम्बर १० तारेखका लागि एजेन्टले जम्मा गरेका कामदारका लागि बुधबार नै एप्वाईन्टमेन्ट बाँडियो । तर महिना दिन अगाडिदेखि प्रयास गर्दै आएका कामदारले मौका पाएनन् । भिसा सेन्टरका म्यानेजर प्रताप गुरूङलाई प्रमाण नै देखाउँदा पनि स्वीकार गर्नुभएन ।’

भिसा सेन्टरले रोजगारीका लागि कतार जाने नेपाली कामदारको भिसा, स्वास्थ्य परीक्षण र कामदारको औंठा छाप लिनेदेखि भिसा सेन्टरमै कामदारले सक्कली करारपत्रमा हस्ताक्षर गर्ने प्रक्रिया पूरा गर्दै आएको छ । त्यसका लागि म्यानपावर व्यवसायीले कामदारको तर्फबाट एप्वाईन्टमेन्ट लिने गरेका छन् । एप्वाईन्टमेन्ट लिएपछि भिसा प्रक्रियाका लागि कामदारको कागजात स्क्यानिङ, मेडिकल, बीमा र भिसा प्रोसेसिङका सबै प्रक्रिया पूरा गर्ने गरिएको छ । महासचिव बाँकी पृष्ठ २ मा





### वैदेशिक रोजगार विशेष

## परीक्षा उत्तीर्ण गरेकालाई शीघ्र कोरिया लैजान सरकारको आग्रह

**काठमाडौं/रासस–** सरकारले रोजगार अनुमति प्रणाली (इपिएस) परीक्षा उत्तीर्ण गरेका नेपाली कामदारलाई जतिसक्दो चाँडो लैजाने व्यवस्था गर्न कोरिया सरकारसँग अनुरोध गरेको छ । नेपाल र गणतन्त्र कोरियाबीच बुधबार सम्पन्न द्विपक्षीय परामर्श संयन्त्रको पाँचौं बैठकमा सरकारले परीक्षा उत्तीर्ण गरेकालाई शीघ्र कोरिया लैजान अनुरोध गरेको हो ।

साथै सरकारले इपिएसअन्तर्गत नेपालका लागि बाँकी पृष्ठ २ मा

WANTED
Documentation Staff : 1 - Male
Having computer knowledge in office package
Salary: Negotiable.
Manakamana Foreign Emp. Co. P. Ltd.
Sitapaila, Ktm., Lic. No.: 753/064/65
Ph. No: 01-4034677, 9860836178

STAFF WANTED
RASUWA OVERSEAS PVT. LTD.
We, one of fast growing employment located in Airport Kathmandu are looking following staff to build a good team.
JOB VACANCY
PRO - 4 (M/F)
RECEPTIONIST -1 (F)
*Salary: PRO (Rs.20,000) | Receptionest (Rs.15,000)
*2 years of experience in the manpower field.
Airport, Kalimatidol, Kathmandu, Nepal
Tel.: 01-5906439/5906448, 9851072021, 9851044423
E-mail: info@rasuwaoverseas.com, rasuwaoversease@gmail.com

VACANCY
ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
DOCUMENTATION - 5 Male/Female
म्यानपावर सम्बन्धी २ वर्षको अनुभाव भई विभाग तर्फको System सम्बन्धी राम्रो ज्ञान भएको, नेपाली, अंग्रेजी राम्रो संग लेख्न र बोल्न जानेको, न्यूनतम शैक्षिक योग्यता +२ पास गरेको हुनुपर्नेछ ।
Salary Negotiable
Wahaa Manpowers Supplier Pvt. Ltd.
Govt Lic No. 469/060/061, Kalopul- 7, Kathmandu
E-mail : wahaa.nepal@gmail.com
Mobile: 9851092822

कर्मचारी चाहियो
यस पुकार इन्टरनेशनल ओभरसिज प्रा.लि. का लागि कर्मचारी आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
Office Secretary - (Female) 2 Nos
Requirements
- Must have experience in same field.
- Fluent in Word, Excel and Email Operation
Documentation (Dofe Depart) - (Male/Female) Nos 1
Requirements
- Must have experience in same field.
- Fluent in FEIMS portal Operation& Word, Excel and Email Operation.
- Education Must have Minimum 10+2.
Receptionist - (Female) 2 Nos
Requirements
- Must have experience in same field.
- Should Know about documentation/ Fluent in Word, Excel and Email Operation
- Must have experience to deal with Candidates.
Office Girl- (Female) 1 Nos
ईच्छुक व्यक्तिहरुले आफ्नो बायो डाटा यस ओभरसिज प्रा.लि. को Email Address:info.pukaragency@gmail.com मा मेल गर्नुहोला ।
तलब आपसी सहमतीमा
पुकार इन्टरनेशनल ओभरसिज प्रा. लि.
टोखा न.पा.-११, महादेवटार, सामाखुसी, काठमाडौं
फोन: ४९८८७५४, ४९८८७५५ Mobile: 9803567829

# घोराही उपमहानगरमा इन्धनमा मासिक १७ लाख हिनामिना

**सागर थापा/मध्यान्ह**
दाङ, २४ कात्तिक




दाङको घोराही उपमहानगरपालिकाको रा १ ग ११ नम्बरको गाडीमा २०७७ असार २६ गतेदेखि साउन २० गतेसम्म साढे सात सय लिटर ईन्धन प्रयोग भयो। उक्त गाडीमा २०७७ असार २६ गते १ सय ५० लिटर, साउन २ गते १ सय ५० लिटर, साउन ६ गते १ सय ५०, साउन ११ गते १ सय ५० र साउन २० गते १ सय ५० लिटर ईन्धन हालिएको कुपन भेटिएको छ। तर यी कुपनहरु सबै फर्जी रहेको पाइएको छ। यो अवधिमा उक्त गाडी बिग्रिएर थन्किएको थियो, चालु अवस्थामा नभएको र बिग्रीएको गाडीमा ईन्धन प्रयोग भएको जानकारीपछि एउटा छानविन समिति बनाइएको थियो। उक्त समितिले गरेको अनुसन्धानका क्रममा घोराही उपमहानगरका नाममा ईन्धनको चरम दुरुपयोग भएको तथ्य खुलेको छ। '११ नम्बरको बिग्रेको गाडीमा ईन्धन हालिएको भन्ने आशंकापछि छानविन समिति बनाइयो,' उक्त छानविन समितिका एकजना सदस्यले भने, 'जबकी यो गाडीले बिग्रेको अवधिमा पनि तेल हालेको देखियो।' लकडाउन अवधिभर उपमहानगरकाका दुई गाडी रा १ ग १७ र १३ नम्बरका गाडीले एउटै मितिमा लगातार ईन्धन भरेको कुपन काटेका छन्।

तर रा १ ग १७ नम्बरको गाडी पनि त्यो बेला चालु अवस्थामै थिएन। छानविन समितिका अनुसार उक्त गाडीका चालक नबिन बिक्रम शाही बिदामा रहेका थिए। 'यो गाडीका चालक लकडाउन अवधि भर बिदामा बसेको देखिन्छ,' छानविन समितिको प्रतिवेदनमा भनिएको छ, 'तर उनले चलाउने गाडीले लकडाउनमा लगातार ईन्धन हालेको देखिन्छ।' यि मात्रै हैन, घोराही उपमहानगरपालिकाका गाडीहरुले अस्वाभाविक ईन्धन प्रयोग गरेको पाइएको छ। फोहोर बोक्ने गाडीदेखि एक्सकाभेटरले समेत अस्वाभाविक तेल प्रयोग गरेको छानविन समितिको प्रतिवेदनले प्रष्ट पार्छ। घोराही उपमहानगरपालिकाको जेसीबीले प्रतिघण्टा १० लिटर तेल खपत गर्दै आएको छ।

तर उक्त जेसीबीमा प्रतिघण्टा जम्मा ८ लिटर मात्रै ईन्धन खपत गर्ने पाइएको छ। खपत गरिएको तेलको कुपनका आधारमा जेसीबीमै प्रतिघण्टा दुई लिटर ईन्धन घोटाला भएको छानविन समितिको प्रतिवेदनमा उल्लेख छ। यसैगरि एक्सकाभेटरमा पनि प्रतिघण्टामा दुई लिटर ईन्धन घोटाला भएको देखिएको छ। एक्सकाभेटरले ईन्धन भरेको कुपनका आधारमा प्रतिघण्टा १५ लिटर ईन्धन भर्ने गरेको देखिन्छ। तर एक्सकाभेटरमा प्रतिघण्टा १३ लिटर मात्रै ईन्धन खपत हुने गरेको छानविन समितिका एक सदस्यले जानकारी दिए। फोहोर बोक्ने गाडीमा प्रतिट्रिप ९ लिटर तेल बढी घोराही बजारको फोहोर संकलन गरेर ल्याण्डफिल साईटमा पुऱ्याउने गाडीहरुमा प्रयोग भएको ईन्धन खर्च अस्वभाविक रहेको छ।

यि गाडीहरुले प्रतिट्रिप २० लिटरका दरले ईन्धनको कुपन पाउँदै आएका छन्। तर यि गाडीहरुमा खपत हुने ईन्धनको परिमाण भनेको जम्मा ११.३० लिटर मात्रै हो। यसरी गाडीहरुमा पनि प्रतिट्रिप ८.७० लिटरका दरले ईन्धन घोटाला भएको छानविन समितिले जनाएको छ। उपमहानगरको ट्याक्टर देखाएर निजी गाडीमा तेल आन्तरिक तथा खरिद व्यवस्थापन शाखा प्रमुख बाबुराम पन्थीले रा १ द १२० नम्बरको ट्याक्टरमा १ सय ५० लिटर ईन्धन भरेको कुपन पेश गरेका छन्। जबकी यो ट्याक्टरको तेल ट्यांकीको क्षमता नै १ सय ५० लिटर ईन्धन (डिजेल) अट्ने हैन रहेछ। छानविन समितिका अनुसार उनले १ सय लिटर ईन्धन उक्त निजी गाडीमा प्रयोग गरेका थिए। अर्जुन आचार्यको बा १९ च ५९०९ नम्बरको निजी गाडीमा तेल प्रयोग गरेको पुष्टि छानविन समितिले गरेको छ। छानविन समितिका अनुसार पन्थी निजी प्रयोजनका लागि अर्घखाँची जाने क्रममा निजी गाडीमा उक्त ईन्धन भरेका थिए। 'उहाँ (पन्थी) ले ईन्धन भरेको भनेर ट्याक्टरको गलत बिवरण पेश गर्नुभयो,' छानबिन समितिका सदस्यले भने, 'तर उहाँले निजी गाडीमा इन्धन भर्नुभएको छ।' पेट्रोल पम्पबाट नगद असुली उपमहानगरको ट्याक्टरमा ईन्धन भरेको भनेर झूठो बिवरण पेश गरेर नीजि गाडीमा ईन्धन भरेका शाखा प्रमुख बाबुराम पन्थीले त पेट्रोल पम्पबाटै नगद समेत असुली गरेका छन्।

उनले विभिन्न गाडीहरुको तेलको कुपन पेश गरेर पेट्रोल पम्पहरुबाट २ लाख ५० हजार रुपैयाँ नगद असुलेको छानविन समितिले जनाएको छ। पन्थीले रा. १ ग १७, रा.१ ग ११ र रा. १ ग १३ नम्बरका एक्सकाभेटर तथा जेसिबि लगाएतका गाडीहरुको तेलको कुपन पेश गरेर विभिन्न पेट्रोल पम्पहरुबाट १५ हजारदेखि १ लाख रुपैयाँसम्म नगद बुझेको समितिले पुष्टि गरेको छ। 'पन्थीले मौखिक सोधपुछका क्रममा आफूले रकम लिएको स्वीकार गर्नुभयो,' छानविन समितिका एक सदस्यले भने, 'तर उहाँले आफूले उक्त रकम संस्थागत प्रयोजनमा खर्च भएको भनेर जवाफ दिनुभएको थियो।' पन्थीले उपमहानगरको लेखा परीक्षणका क्रममा खानपिन र भ्रमण खर्च गर्नुपर्ने भएकाले रकम लिएको बताएका थिए। तर यो रकम निकासाको नियत घोटाला नै पुष्टि भएपछि पन्थीलाई उक्त रकम फिर्ता गर्न लगाइएको थियो।

उनलाई ९५ हजार क्रिजल पेट्रोल पम्पको नाममा र १ लाख ५५ हजार रुपैयाँ अरुणोदय पेट्रोल पम्पका नाममा जम्मा गर्न लगाइएको थियो। उनी अहिले कोहलपुर स्थित राजश्व अनुसन्धान कार्यलयमा सरुवा भएका छन्।

स्थानीय तह स्थापना पश्चातको ३ वर्ष २०७७ सम्म ईन्धनमा मासिक १७ लाखसम्म चरम घोटाला भएको देखिन्छ। घोराही उपमहानगरपालिकामा ईन्धनमा मासिक लाखौं रकम घोटाला भएको छानविन समितिको प्रतिबेदनले देखाउँछ।

घोराही उपमहानगरपालिकाका गाडीहरुमा २०७७ साउनमा मात्रै २३ लाख ७२ हजार ४ सय ६१ रुपैयाँ ईन्धन खर्च भएको छ। यो अनियमितता छानविनका लागि समिति बनेपछि गरिएको निगरानी पश्चात अर्को महिना भने यो ईन्धन खर्च मासिक १६ लाख ३३ हजार २ सय ८६ रुपैयाँले कमी आएको थियो। छानविन समितिको प्रतिवेदन अनुसार २०७७ असोज र कात्तिक गरि दुई महिनाको कुल खर्च १४ लाख ५८ हजार ३ सय ५० रुपैयाँ मात्रै खर्च भयो। प्रति महिनाको भाग लगाउँदा जम्मा ७ लाख २९ हजार १ सय ७५ मात्रै पर्न आउँछ। २०७७ कात्तिकमा भने ईन्धन खर्च झनै कम आएको थियो। अघिल्लो साउन महिनाको खर्च भन्दा कात्तिकमा १७ लाख ७६ हजार बढी रकम घटेको छ। यता घोराही उपमहानगरले भने ईन्धनमा घोटाला भएको भन्न नमिल्ने दावी गर्दै आएको छ। लकडाउनका बेला गाडीहरु बढी चलेको र ईन्धन पनि बढी खपत भएको उनिहरुको दावी छ।

# ओलीको अहंकारले एमाले फुट्यो : मुख्यमन्त्री राई

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २४ कात्तिक



नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको दम्भ र अहंकारकै कारण पार्टी दुई भागमा विभाजन भएको प्रदेश एकका मुख्यमन्त्री राजेन्द्रकुमार राईले आरोप लगाएका छन्। सुनसरीको इटहरीस्थित नेकपा समाजवादी नगर समितिले आयोजना गरेको पत्रकार भेटघाट कार्यक्रममा मुख्यमन्त्री राईले सो आरोप लगाएका हुन्।

दुईतिहाइको बहुमतको दम्भ र अंहकारले ओलीले आफ्नै पार्टीका कार्यकर्ताहरूमाथि प्रहार गर्न थाले पछि बाध्य भएर एमाले दुई भागमा विभाजन हुन पुगेको बताए। पार्टीभित्रका अग्रजहरूले सल्लाह सुझाव दिँदा उनीहरूलाई नै शत्रु सम्झेर पाखा लगाउने खेल ओलीबाटै शुरू भएको मुख्यमन्त्री राईले दाबी गरे।

केन्द्रीय महाधिवेशन आउनु अघि नै ओलीले आफ्नो शक्ति देखाउन बेग्ला बेग्लै समिति बनाउँदै मनपरी संयोजक तोक्न थालेपछि एमाले विभाजनको बाटोमा अघि बढेको मुख्यमन्त्री राईले बताए।

अर्को प्रसंगमा उनले प्रदेश एकको नामाकरणबारे प्रदेश सभामा अहिलेसम्म कुनै पनि मुख्यमन्त्रीले छलफल नै नचलाएको रहस्य खुलाए। 'पहिलो मुख्यमन्त्री शेरधन राईले चाहेको भए त्यो बेलै प्रदेशको नामांकरण गर्न सकिन्थियो तर उहाँले सभामा यो विषय नै प्रवेश गराउनु भएन र जनतालाई नामाकरणमा विवाद छ भनेर झुट बोल्दै हिँडनुभयो,' मुख्यमन्त्री राईले भने, 'दुईतिहाइको बहुमत शेरधनकै पक्षमा थियो, हामीलाई बायस गरेर भएपनि उहाँकै पक्षमा रहेका सांसदहरूले सोझै प्रदेशको नाम पास गरिदिन्थे तर उहाँले पटक पटकको बैठकमा नामाकरणबारे विषय प्रवेश गराउन नै चाहनुभएन।'

त्यस्तै दोश्रो मुख्यमन्त्री भिम आचार्यले पनि प्रदेशको नामाकरणबारे सभामा कुनै बहस नचलाएको मुख्यमन्त्री राईले बताए। अब प्रदेशको नामाकरण आफ्नै पालामा गरेर देखाउने उनले प्रतिवद्धता व्यक्त गरे। उनले प्रदेशको नामाकरण गर्दा अगाडि किरात राखेर पछाडि सगरमाथा र कोशी राखिने पत्रकारहरूलाई जानकारी दिए।

५ मिनेटमा आउछु भनेर मुख्यमन्त्री कार्यक्रममै गएनन्

यसैबीच इटहरी र सुन्दरहरैचा नगरपालिकालाई जोड्ने बुढी गंगा जमुना मुक्तिघाट परिसरमा लगाइएको छैठ पर्वको समुद्घाटन समारोहलाई प्रमुख अतिथिको रूपमा सम्बोधन गर्न प्रदेश एकका मुख्यमन्त्री राईले आउँछु भनेर कार्यक्रम स्थल नपुगी बाटैबाट फर्किएका छन्।

कार्यक्रम समुद्घाटन र सम्बोधन गर्नकै लागि मुख्यमन्त्री राई इटहरीसम्म आएका थिए तर कार्यक्रम स्थल नपुगी उनी फर्किएपछि आयोजक पक्ष र अन्य अतिथिहरू पनि रूष्ट बनेका थिए। '५ मिनेट अघिसम्म त बाटैमा छु भन्नुभएको थियो तर फेरि अचानक विशेष कामले आउन पाइनँ सरी भन्नुभयो,' आयोजक मध्येका एकले आफ्नो नाम नबताउने शर्तमा मध्यान्हसँग भने।

कोरोना सन्त्रासका कारण विगत २ वर्षदेखि खल्लो बनेको छठ पर्व यस वर्ष औपचारिक रूपमा भव्य र सव्य बनाउन छैठ पर्व सेवा समिति इटहरीले विभिन्न सांस्कृतिक कार्यक्रमहरूको आयोजना गरेको थियो। उक्त कार्यक्रमको प्रमुख अतिथि प्रदेश एकका मुख्यमन्त्री राईलाई तय गरिएको थिए। मुख्यमन्त्री राई पनि सोही कार्यक्रमकै लागि भनेर इटहरी आइसकेका थिए। दिउँसो ३ बजे इटहरीका पत्रकारहरूसँग कुरा गरेर ५ बजे कार्यक्रम स्थल पुग्ने र छोटोमिठो सम्बोधन गरेर फर्कने तय भैसकेको कार्यक्रम बीचैमा सेड्युल परिवर्तन गरी मुख्यमन्त्री राई कार्यक्रम स्थल नपुगी फर्किएका थिए।

श्रोतका अनुसार कार्यक्रम स्थलमा एमाले कार्यकता हाबी भएको जानकारी मुख्यमन्त्री राईको कानमा पुगेपछि उनी सो स्थल नपुगी फर्किएका हुन्। मुख्यमन्त्री राई कार्यक्रम स्थल नपुगेपछि अन्ततः नेपालका प्रथम जगतगुरू बालसन्त मोहन शरण देवाचार्यलाई प्रमुख अतिथि बनाएर कार्यक्रम सुभारम्भ गरिएको थियो।

त्यस्तै कार्यक्रमका विशिष्ट अतिथि प्रदेश एकका आन्तरिक मामिला तथा कानून मन्त्री केदार कार्की कार्यक्रम स्थलमा पुग्ना साथ सम्बोधन गरेर फर्किएका थिए। कार्यक्रम छैठ पर्व सेवा समिति इटहरीका अध्यक्ष वासुदेव साहको सभापतित्वमा सम्पन्न भएको थियो।

# गाउँपालिका अध्यक्षसहित तीन जना जनप्रतिनिधि माओवादी केन्द्रमा प्रवेश

**अर्जुन बिष्ट/मध्यान्ह**
रुकुम पश्चिम, २४ कात्तिक

डोल्पामा गाउँपालिका अध्यक्षसहित तीन जना जनप्रतिनिधि नेकपा माओवादी (केन्द्र) मा प्रवेश गरेका छन्। डोल्पाको डोल्पो बुद्ध गाउँपालिका अध्यक्ष तेम्बा गुरुङसहित अन्य तीन जना वडा अध्यक्ष बुधबार माओवादी (केन्द्र) मा प्रवेश गरेका हुन्।

तीन जना जनप्रतिनिधिसहित अन्य नवप्रवेशीहरुलाई नेकपा माओबादी (केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड, कर्णाली प्रदेश इन्चार्ज तथा प्रतिनिधि सभा सदस्य शक्ति बस्नेत, अर्थमन्त्री जनार्दन शर्मा, पूर्वमन्त्री तथा प्रतिनिधि सभा सदस्य सत्या पहाडीले स्वागत गरेका हुन्।

पहिलोपटक माथिल्लो डोल्पा पुगेका माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड सहितको टोली नेपाली सेनाको हेलिकोप्टरमार्फत डोल्पा पुगेका थिए।

वडा सदस्यदेखि अल्पसंख्यक जनप्रतिनिधिहरु माओवादी (केन्द्र) मा प्रवेश गरेका छन्। बुधबार एक कार्यक्रममा डोल्पो गाउँपालिका अध्यक्ष तेम्बा गुरुङ, वडा नम्बर १ का अध्यक्ष क्याल्पो थापा भोटे, वडा नम्बर २ का अध्यक्ष छोईक्याप भोटे र ३ का अध्यक्ष पाल्जाङ लामसहित २५ जनाभन्दा बढिले नेकपा एमाले परित्याग गरि माओवादी केन्द्रमा प्रवेश गरेका हुन्। गाउँपालिका अध्यक्षलगायतले यसअघि नेकपा एमालेबाट उम्मेदवार बनेर चुनाव जितेका थिए।

# रक्तस्राव नरोकिएपछि हेलिकप्टरमार्फत सुत्केरीको उद्धार

**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २४ कात्तिक

दैलेखमा बुधबार एक महिलाको नेपाली सेनाको हेलिकप्टरमार्फत् उद्धार गरिएको छ।

आठबिश नगरपालिका-७ की ३४ वर्षीया मनकला बडुवाललाई २ दिनदेखि अत्यधिक रक्तस्रावका कारण थलिएपछि थप उपचारका लागि सुर्खेत लगिएको हो।

जिल्ला प्रशासन कार्यालयको समन्वयमा महिला, बालबालिका मन्त्रालयको राष्ट्रपति महिला उद्धार कोषबाट उनको उद्धार गरिएको दैलेखका प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले मध्यान्हलाई बताए। '

दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरीका लागि हवाई उद्धार कार्यविधि' अनुसार हवाई उद्धार गरिएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए।

अत्यधिक रक्तस्राव भएपछि स्थानीय स्वास्थ्य संस्थाबाट उपचार हुन नसकेपछि बडुवालाई हेलिकप्टर बाट उद्धार गरी सुर्खेत क्षेत्रीय अस्पताल लगिएको हो।

### गठबन्धन....

गरिरहेको छ भने अहिले पनि ९८ सांसद रहेको एमाले प्रतिपक्षमा छ। दुई पटक संसद् विघटन गर्ने एमालेलाई एक्ल्याउने योजना अन्तर्गत गठबन्धनले राष्ट्रियसभाको चुनावमा सहकार्य गर्ने भएको छ। यसअघि बागमती र लुम्बिनीमा रित्त भएको राष्ट्रियसभा उपनिर्वाचनमा पनि गठबन्धनका दलहरुले चुनाव जितेको थियो। लुम्बिनीमा दृगनारायण पाण्डे र बागमतीमा खिमलाल देवकोटाले चुनाव जितेका थिए।

पआउने फागुनको राष्ट्रियसभा निर्वाचनमा पनि गठबन्धन हुँदा एमाले उम्मेद्वार पराजित हुने समीकरण बन्नेछ। २०७५ असार ४ गते भएको गोलाप्रथामा चार वर्षे पदावधिको चिठ्ठा तानेका २० सांसदको निर्वाचन हुँदैछ। त्यस मध्ये सवैभन्दा धेरै एमाले सांसद पदमुक्त हुँदैछन्। एमालेका आठ सांसद पदुमक्त हुँदैछन्। माओवादी केन्द्रका पाँच, एकीकृत समाजवादीका चार र काँग्रेसको तीन सांसद पदमुक्त हुँदैछन्। एक जना भने राष्ट्रपतिबाट मनोनित छन्। गठबन्धन बन्दा एमालेका सांसद पराजित हुनेछन्। राष्ट्रियसभा सांसदका लागि प्रदेशसभा सदस्य र स्थानीय तहका पदाधिकारीले मतदान गर्नेछन्।

राष्ट्रियसभा निर्वाचनमा मात्रै नभएर आगामी चुनावसम्मै पाँच दलीय गठबन्धन जोगाउन नेताहरु प्रयत्न गरिरहेका छन्। सरकार सञ्चालन समेत समझदारीमै गर्न उच्च स्तरीय संयन्त्र समेत निर्माण भएको छ। पाँचै दलका प्रमुख रहनेगरी संयन्त्र बनेको छ। यो संयन्त्रले सरकारलाई मार्गदर्शन गर्नेछन्। यसअघि नै सरकारलाई मार्गदर्शन गर्न न्यूनतम साझा कार्यक्रम बनाइसकेका छन्।

### सुल्झिएन ...

ओली पक्षले प्रदेश बैठक राख्यो। तर उपाध्यक्ष भीम रावलले उक्त बैठकलाई अवैधानिक र अमान्य भएको प्रतिक्रिया दिएका छन्।

१० बुँदेअनुसार रावल सूदुरपश्चिम प्रदेश इन्चार्ज हुन्। तर गएको २३ फागुन पछि ओली पक्षले लेखराज भट्टलाई इन्चार्ज बनाएको छ। माओवादी केन्द्र छोडेर एमालेमा प्रवेश गरेका भट्टलाई इन्चार्जकै भूमिकामा रहन ओलीले समेत निर्देशन दिएका थिए।

सूदुरपश्चिम प्रदेशमा कर्ण थापा अध्यक्ष छन्। भट्ट र थापाले प्रदेश बैठक राखिरहँदा रावल भने अछामकै साफेबगर नगर बैठकमा सहभागी थिए। उक्त कार्यक्रमबाटै रावलले अध्यक्षमा उम्मेद्वारी दिने घोषणा गरे।

### आजबाट...

भूत आर्थिक, सामाजिक, सेवा, सुविधा, पूर्वाधार र विपद् अवस्थाको समेत जानकारी संकलन गरी सामुदायिक प्रश्नावली भरिने र यसबाट सम्पूर्ण वडाको वास्तविक जानकारी पाउन सकिने महानिर्देशक श्रेष्ठले बताए।

कालापानी, लिपुलेक र लिम्पियाधुरा क्षेत्रमा जनगणना गर्न परराष्ट्र मन्त्रालय मार्फत भारतसँग कूटनीतिक तबरबाट पहल भइरहेको र स्याटलाइट प्रविधिबाट घरधुरी गणना गरी त्यसका आधारमा पनि जनगणना गर्न सकिने उनले बताए। यसपटकको जनगणनामा काठमाडौं महानगरपालिका समेत काठमाडौं जिल्लाका छ नगरपालिकामा डिजिटल पद्दतिमा आधारित क्यापीविधि प्रयोग गरी ट्याब्लेटबाट विवरण संकलन गरिने र देशभरका अन्य स्थानमा कागजी प्रश्नावली प्रयोग हुनेछ। '

### कतार....

श्रेष्ठले भने, 'भिसा प्रोसेसिङमा समेत नेपाली श्रमिकहरुले लामो समय कुर्नुपर्ने झन्झटको अन्त्य हुने विश्वास गरिएको थियो। तर सीमित म्यानपावर कम्पनीलाई सेटिङमा काम गर्ने अवसर दिने र अन्यलाई एप्वाईन्टमेन्टबाट बञ्चित गरिँदा व्यवसायी र कामदारलाई ठूलो अन्याय र भेदभाव भएको छ।'

विगतमा पनि क्यूभीसीमा भेदभाव र सेटिङ भएको पाइएपछि व्यवस्थापनलाई भेटेर समस्याबारे अवगत गराएपछि कतारको सरकारी प्रक्रिया अनुसार भिसा सेन्टर सञ्चालन हुने हुँदा सेवाग्राहीलाई कुनै पनि समस्या नआउने आश्वासन पाएका हौं। तर व्यवहारमा सुधार भएको छैन। कतारबाट नेपाली कामदारको माग बढ्ने तर क्यूभीसीले पारदर्शिता र समानताका आधारमा व्यवहार नगर्ने हो भने संघले त्यसलाई गम्भीरतापूर्वक लिने छ।'

सेन्टरमा कतिपय कामदारको जन्म मिति, नाम थर जस्ता सामान्य विषयमा पनि त्रुटी देखिएका कारण दोहोऱ्याएर फारम भर्नुपर्ने बाध्यता हुने गरेको छ। भिसा प्रक्रियाको मेडिकल परीक्षणमा क्षयरोग जस्ता समस्या देखिए त्यस्ता व्यक्तिलाई यसअघि जस्तो लामो समय नकुराई प्रकृति हेरी छिटो गरिदिने सहमति समेत भएको तर अनलाइन प्रणालीमा पहुँच नपाउँदा मुलुकका दुर्गम जिल्लाबाट आएका कामदारलाई समस्या भएको समेत उनले दाबी गरे।

कतारमा उडान शुरु भएपछि कतार भिसा सेन्टर गत जुन ७ तारेखदेखि खुलेको हो। तर सेवा प्रवाह प्रभावकारी नभएको गुनासो यथावत् रहेको छ। आफ्नो नाम नबताउने शर्तमा एक व्यवसायीले सेन्टरमा सेटिङ नै भएको ठोकुवा गरे।

### परीक्षा....

कोटा संख्या बढाउन आग्रह पनि गरेको छ। बैठकमा दुई पक्षबीच कोभिड-१९ विरुद्ध प्रतिकार्य र पुनरुत्थान, व्यापार, लगानी, रोजगारी, ऊर्जा, प्रविधि, शिक्षा, पर्यटन, संस्कृति र जनस्तरको सम्बन्धका क्षेत्रमा सहकार्यलाई थप प्रवर्द्धन गर्ने विषयमा छलफल भएको परराष्ट्र मन्त्रालयका सहसचिव लोकबहादुर थापाले बताए।

'दुवै देशको अर्थतन्त्रमा कोरियामा रहेका नेपाली कामदारको योगदान महत्वपूर्ण रहेको स्वीकार गर्दै दुवै पक्षले रोजगार इपिएससम्बन्धी समझदारी पत्रलाई चाँडोभन्दा चाँडो नवीकरण गर्नुपर्नेमा सहमति जनाएका छन्,' परराष्ट्र मन्त्रालयको उत्तर पूर्व एसिया महाशाखाका प्रमुख एवं नेपाली प्रतिनिधिमण्डलका नेता थापाले भने।

बैठकमा नेपाल-कोरिया सम्बन्धको समग्र पक्षबारे विचारविमर्श हुनाका साथै दुई देशबीचको मैत्रीपूर्ण सम्बन्धलाई थप प्रवर्द्धन गर्न उच्चस्तरीय भ्रमण आदानप्रदान र संलग्नतामा जोड दिइएको थियो।

छलफलका क्रममा दुवै पक्षले संयुक्त राष्ट्रसङ्घ र दक्षिण एसियाली क्षेत्रीय सहयोग संगठन (सार्क)लगायत क्षेत्रीय तथा बहुपक्षीय तहमा पारस्परिक लाभका क्षेत्रमा सम्भावित सहयोगबारे पनि विचार आदान प्रदान गरेका थिए।

थापा नेतृत्वको प्रतिनिधिमण्डलमा नेपाल सरकारका विभिन्न मन्त्रालयका वरिष्ठ अधिकारीको सहभागिता थियो भने कोरियाली प्रतिनिधिमण्डलमा दक्षिण एसियाली तथा प्रशान्त मामिला ब्यूरोका महानिर्देशक सङ्र्योल लीसहित कोरियाली परराष्ट्र मन्त्रालय, कोरियाली दूतावासका अधिकारी, कोरियाली अन्तर्राष्ट्रिय सहयोग नियोग (कोइका) नेपाल कार्यालयका देशीय निर्देशक र प्रतिनिधि सहभागी थिए।

बुधबार नै परराष्ट्र सचिव भरतराज पौड्यालसँग महानिर्देशक संर्ग्योल ली लीले शिष्टाचार भेट गरे। भेटमा आपसी हितका विविध विषयमा छलफल भएको थियो।

# सरकार सबैलाई साथमा लिएर हिंड्छ : गृहमन्त्री खाँण



**बुटवल/मस-** गृहमन्त्री बालकृष्ण खाँणले वर्तमान सरकारले सबैलाई साथमा लिएर देश बनाउने दृढ विश्वासका साथ अगाडि बढेको बताएका छन्। उनले साना काम गर्दा पनि समाजमा नयाँ परिवर्तन आउने भएकाले वर्तमान सरकार देश र जनताका पक्षमा क्रियाशील रहेको समेत बताएका छन्।

नेपाली कांग्रेस सिद्धार्थनगर नगर समितिले बुधबार भैरहवामा आयोजना गरेको स्वागत, सम्मान तथा बधाई कार्यक्रममा उनले मुलुकका उद्योगी व्यवसायीको सुरक्षाका लागि सरकार प्रतिबद्ध रहेको बताए। उनले उद्योगी व्यवसायीको पूर्ण सुरक्षाको व्यवस्था गर्न सुरक्षा निकाय र स्थानीय प्रशासनलाई निर्देशनसमेत दिएका छन्।

गृहमन्त्री खाँणले प्रहरी, प्रशासनले जनतालाई शान्ति सुरक्षालगायत नागरिकको दैनिकी सहज बनाउन साथ दियो कि दिएन यसको आमनागरिकले पनि समुचित मूल्याङ्कन गर्नुपर्ने बताउँदै भने, 'प्रहरी जनताको साथी भएकाले प्रहरीप्रति पनि सम्मानजनक व्यवहार गर्नुपर्छ।'

गृहमन्त्री खाँणले प्रहरी कार्यालयमा जाने हरेक नागरिकलाई प्रहरीले सम्मानजनक व्यवहार गर्न निर्देशन दिँदै कोभिड महामारीको रोकथाममा प्रहरी प्रशासनको योगदानको सराहनासमेत गरेका थिए। उनले महामारीमा अग्रमोर्चामा रहेर काम गर्ने नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना, सफाइकर्मी, स्वास्थ्यकर्मीलगायत सबैलाई सरकारको तर्फबाट धन्यवाद दिएका थिए। गृहमन्त्री खाँणले कोभिड महामारीबाट अहिले केही सहजता जस्तो भए पनि पूर्ण जोखिम अन्त्य नभएकाले सरकारले निर्धारण गरेको स्वास्थ्य मापदण्डको पूर्णरूपले पालना गर्न अनुरोध गरेका छन्। उनले वर्तमान सरकारले सबैले समानरूपले राज्यको सेवा सुविधा पाउनुपर्ने मान्यता राखेरै वर्तमान सरकार बनेपछि प्रहरीको रासनमा सबै तहका प्रहरी सदस्यलाई समानरूपले लागू हुने गरी १५ प्रतिशत वृद्धि गरिएको जानकारी दिएका छन्।

नेपाली कांग्रेसका केन्द्रीय सदस्यसमेत रहेका मन्त्री खाँणले कांग्रेसका नेता कार्यकर्ता जनताको सेवक भएकाले जनताको सेवामा पूर्णरूपले लाग्न अनुरोध गरेका थिए। पार्टीभित्र आन्तरिक प्रतिस्पर्धा भए पनि एकढिक्का भएर अगाडि बढ्नुपर्ने उनको भनाइ रहेको थियो। कार्यक्रममा पूर्वमन्त्री तथा पार्टीका जिल्ला सभापति अब्दुल रज्जाकले मुलुकमा हरेक सङ्कटको समाधानमा कांग्रेस अगाडि आएको बताएका थिए। सो अवसरमा सिद्धार्थ उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष दिलीपकुमार कान्दु, सदस्य सञ्जय वेरिवाल, पूर्ववडाअध्यक्ष भरतसिंह विजुक्छे, रुपन्देही युवा समूहका अध्यक्ष विशाल गुप्तासहित विभिन्न पार्टी परित्याग गरि नेपाली कांग्रेसमा प्रवेश गरेको नेपाली कांग्रेस सिद्धार्थनगरका सभापति कोसिसबहादुर खड्काले जानकारी दिए। साथै बुधबार गृहमन्त्री खाँणले नेपाल महिला सङ्घ रूपन्देहीले भैरहवामा आयोजना गरेको स्वागत तथा सम्मान कार्यक्रमलाईसमेत सम्बोधन गरेका थिए।

# ‘सरकारले हरियो पासपोर्ट बोकाएर विदेशतिर धकेल्न खोजीरहेछ’

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
काठमाडौं, २४ कात्तिक



दुबै जनाको कपाल सेतै फुलेको छ । कपालसँगै उमेर पनि ७० नाघेको । तर नागरिकताले उनीहरुलाई वृद्ध बनाएन । उबेला टोलीले उमेर घटाइदिएकै कारण वृद्ध भत्ताबाट बञ्चित भएका छन्, उनीहरु । दिनभरीको टन्टलापुर घाममा रत्नपार्क वरिपरी सधैं एकैनास सडक नापिरहेका बटुवाहरु वा सवारीचालकहरुको प्यास मेटाइरहेका एक जोडी वृद्ध वृद्धा हुन् मकवानपुर गढी गाउँपालिका वडा नं ५ घर भएका कृष्ण प्रसाद घिमिरे र वेल कुमारी घिमिरे ।

उनीहरु उमेरले ७६ र ७३ वर्षका भए । तर नागरिकताले उनीहरुलाई सत्तरी वर्ष भन्दा कान्छो बनाइदिएको छ । त्यही कारणले नै वृद्ध भत्ताबाट बञ्चित बनेका उनीहरु दैनिक रत्नपार्क तिर जिविकोपार्जनका लागी पानी, गुट्खा, खैनी, चुरोट, चक्लेट, छुर्पी, चुइंगम, रिचार्ज कार्ड आदीको व्यापार गरिरहेको भेटिन्छन् ।

कपाल सेतो हुनु पाको हुनु हो । तर ति वृद्धवृद्धा काँचै अनुभव गर्छन् । कान्छो छोरोलाई निजी कारले केही वर्ष अघि ठक्कर दिँदा खुट्टा भाँचियो र उनी थलापरे । त्यसपछि सबै व्यवहार बुबाकै थाप्लोमा पऱ्यो । केही समयपछि हारगुहार गरेर छोरोलाई निको त बनाए, तर पहिले जस्तो सद्दे भएर हिंडडुल गर्न सक्दैनन् । अहिले ठमेलतिर बुबाकै जस्तो व्यापार गर्छन्, उनी । दुई भाइ छोराका ४ वटी नातिनी छन् । सबै कलेज पढ्छन् । सबैजना दरबार हाइस्कुलमै पढ्छन् । अरु स्कुलहरुको तुलनामा हाइस्कुल धेरै सस्तो भएर पढाउन सकेको कृष्णप्रसाद बताउँछन् । क अक्षर नपढेका उनी नाती नातिनीले पढेकोमा खुसी छन् ।

उनी श्रीमतीसँग २०५९ सालमा काठमाडौं छिरे । गाउँको दिनभरीको कुटो कोदालो भन्दा दुईचार पैसा मुख हेरेर सुख सयलमा बस्ने लालसा बोकेका कृष्ण प्रसादले तीनपाङ्ग्रे गाढामा मकै भुटेर जिविका चलाए । आफुले जानेको काममा उनले तीन-चार वर्ष बिताए । बुढेसकालले छोएपछि उनको आँखा कमजोर भयो । स्टोभ पनि बाल्न नसक्ने अवस्था भयो । शरीर कमजोर हुँदै गएपछि उनले त्यो काम छाडे ।

त्यसपश्चात केही वर्ष सडकमै सिक्का पैसा बेचे, सिक्का पैसाले पनि राम्रै जिविका चलेको थियो । सरकारले सिक्का पैसा बनाउन पनि छाड्यो । सिक्कामा सयको दश रुपैयाँ आउँथ्यो र दिनमा पाँचदेखि सात सय कमाई हुन्थ्यो । कोठा भाडा तिरेर खान लाउन राम्रैसँग पुग्थ्यो । यात्रुहरु भाडामा ठगिँदैन थिए । अहिले सिक्का पैसा सरकारले बन्द गरिदिएपछि यात्रुहरु ठगिँदै आएका छन् । त्यसपश्चात उनले त्यो व्यवसायबाट पनि हात झिके ।

गाउँमा जाउँ भनेपनि खेतीकिसानी गर्न सकिँदैन रोगले च्यापेको छ । दुबैलाई प्रेशरले समातेको छ । औषधि किनेर खानुपर्ने गाउँमा झन् सकस । कृष्णप्रसाद भन्छन्, ‘सरकारले सकेसम्म उपचार निःशुल्क गरिदिए हुन्थ्यो कमाएर त हामी आफैं खाऔंला । छोरा पाल्नु नी छैन छोरी पाल्नु नी छैन जिन्दगी त हामी आफैं पाल्न सक्छौं ।’

केही समय यतिकै बसेपछि छोरीहरुले नै सल्लाह दिए, सजिलो पनि हुने, नगर प्रहरीबाट पनि बचिने चुरोट, खैनीको व्यापार गर्न । ‘चुरोट र खैनीमात्रै सय रुपैयाँको बेचेर फेरि फुटपाथमा बस्न थालियो, अहिले नगर प्रहरीको झन्झटले यो काम पनि दिक्क लाग्छ । यो पनि कहिले सम्म हो थाहा छैन । दिनको २ देखि ३ हजारको व्यापार हुन्छ । दिनको ७ देखि ८ सय कमाई हुन्छ । कोठाभाडा महँगो छ । खान, भाडा तिर्दै जिबिको चलेको छ । कान्छा छोराको छोरी नातिनीसँगै बस्थे, खाना भएपनि पकाइदिन्थे, अहिले जवान भए, छुट्टै कोठा खोजेर बस्ने रे,’उनी भन्छन् ।

यसैक्रममा ग्राहकले पाइलट चुरोट मागे, उनले २० को ३ खिल्ली, १५ को २ खिल्ली भने, ग्राहकले ५ रुपैयाँमा आउने भन्दै जिद्दी कसे, उनले मनलागे खाउ मन नलागे नखाउ बाबु समाज सेवा गर्न आएको होइन, हामी दुई जनाको ज्यान पाल्नुपर्छ भन्दै जवाफ फर्काए । ग्रहाक चुरोट नकिनी हिँडे । ‘धेरै ग्राहक आएर गए तर यी ग्राहक अलि किचकिचे परेछ’ उनी सुनाउँछन् ।

राणकाल छेउछाउ भेटेका उनी पञ्चायतकाल त पुरै जगदेखि मासिने बेलासम्मै भोगेका कहानी सुनाउँछन् । उनी भन्छन्, ‘बजारभाउ जहिले पनि बढ्छ, पञ्चायतकालमा पनि बढ्छ, राणा कालमा पनि बढेकै हो । त्यतिखेर वर्षको एकदिन बढ्थ्यो अहिले महिनाको ३ चोटी बढ्छ । सरकार उहिले पनि थियो सरकार अहिलेपनि छ । तर अहिलेका जस्ता थिएनन् । महिनाको तिनपल्ट भाउ बढाउने सरकार कुनै विश्वमा छैन यो नेपालमा मात्रै छ ।’

लकडाउन भएदेखि व्यापार राम्रो नभएको सुनाउँछन् उनी । ‘पोहोरको लकडाउनमा सारै सास्ती भयो, खान नपाएर मर्ने स्थिति भयो, ठमेलमा गएर बसियो, दयालु महानुभावले घरैमा राहत ल्याइदिए, आफुले धर्म गरेको रैछु भन्ठानें, जसरी पनि बाँचियो । यसपालीको लकडाउन छोरीको घर गइयो, त्यतै बसेर आइयो,’ उनी भन्छन् ।

उनी अगाडि भन्छन्, ‘२०६४ सालभन्दा अघि फुटपाथमा पनि आनान्द थियो जता बसेर व्यापार गरेपनि जिविकोपार्जन हुन्थ्यो डर त्रास थिएन । जब प्रचण्ड प्रधानमन्त्री बनेर ९ महिना साशन गरे त्यतिखेर वामदेव गौतमलाई गृह मन्त्री दिए । उनले फुटपाथमा आएर प्रहार गरे । अमेरिकामा पनि फुटपाथ छ तर त्यहाँ व्यवस्थित छ । त्यसरी नै नेपालमा पनि व्यवस्थित गर्दै लानुपर्छ भनेर पूर्वप्रधानमन्त्री गिरिजाले भनेको सम्झीरहन्छु तर के गर्नु यहाँ नगरप्रहरीले बसिटिक्नु दिँदैनन् ।’

अहिले नगरप्रहरीले भेट्टाए सम्म फुटपाथको सामान उठाएर दुःख दिने गरेको उनी बताउँछन् । कृष्णप्रसाद आक्रोस पोख्छन्, ‘उठाएको सामान फिर्ता गर्दैनन्, पहिले पहिले जरिवाना तिरे आफ्नो सामान पाइन्थ्यो, अहिले नगरले नै लिलामी गर्छ भन्छन् । खै कसैलाई जानकारी नै दिँदैनन् कसलाई गर्छ, के गर्छ अत्तो पत्तो छैन । जसरीपनि गरिब मार्ने काम भैरहेको छ । जुनै सरकार आएपनि केही भएन । व्यवसाय गर्नेले नगर प्रहरीले सामान लग्यो भनेर त्यतिकै चुप लागेर बस्दैनन् । जसरी पनि ऋणधन गरेर फेरि व्यवसाय गर्छन्, जहान बच्चा पाल्नै पऱ्यो । कि त सरकारले रोजगारी दिन सक्नु पऱ्यो होइन भने कता हुन्छ व्यवस्थित गर्नु पऱ्यो । उमेरले हुने मात्र भएको भए सरकारले हामीलाई हरियो पासपोर्ट बोकाएर विदेशतिर धकेल्न खोजीरहेछ ।’ सरकारले फुटपाथ व्यापारीलाई व्यवस्थापन नगरेसम्म व्यापारीहरुले दुःख पाइरहने बताउँछन् उनी ।

पहिले रत्नपार्कदेखि सुन्धारासम्म सात सयको हाराहारीमा फुटपाथ व्यापारी भएको र तिनिहरुको संख्या अहिले केही घटेर पाँच सयको हाराहारीमा भएको सडक व्यापारी संघका अगुवा नेता कुमार सापकोटा बताउँछन् । उनका अनुसार फुटपाथमा सामान सस्तो हुने हुनाले सामान्य मानिसहरु फुटपाथमै किन्न रुचाउने र अहिले बजार विकेन्द्रिकरण भएका कारण व्यापारीको संख्या घटेको छ । अहिले स्थायीरुपमा भन्दा पनि अस्थायीरुपमा सामान्य गुजारा चलाउन मानिसहरु यो पेशामा लाग्ने गरेको र प्राय वैदेशिक रोजगारीका लागि भिसा अप्लाई गरेर भिसा नआउन्जेल यो पेशा अपनाउने गरेका भेटिन्छन् भने केही संख्यामा विद्यार्थीहरु पनि पढाईको सिलसिलामा यो पेशा अपनाइरहेको पाइएको उनी बताउँछन् ।

# फाइजर खोपको पहिलो डोज कात्तिक २८ गतेदेखि लगाइने

**काठमाडौं/मस–** सरकारले आगामी आइतबारदेखि कोरोनाविरुद्ध फाइजर खोपको पहिलो मात्रा लगाउने भएको छ । परिवार कल्याण महाशाखाका बाल स्वास्थ्य तथा खोप शाखा प्रमुख सागर दाहालका अनुसार १२ वर्षभन्दा माथिका दीर्घ रोगीलाई लगाइने र खोप अभियान मंसिर ४ सम्म सञ्चालन हुने बताएका छन् ।



देशभरका विशेषाज्ञ सेवा उपलब्ध भएका २४ ठूला अस्पतालमा खोप लगाउने तय भएको उनले जानकारी दिएका छन् । त्यसका लागि काठमाडौं उपत्यकाभित्र ८ र बाहिर १६ गरी २४ वटा अस्पतालमा खोप केन्द्र तय गरिएको दाहालले जानकारी दिए ।

उक्त समयमा यसअघि खोप लगाउन छुटेका १८ वर्षमाथिका दीर्घरोगीलाई पनि खोप दिइने उनले बताएका छन् । ‘आइतबारदेखि मंसिर ४ गतेसम्म फाइजर खोप लगाउन सुरु गर्न लागेका छौं’, उनले भने, ‘१८ वर्षमाथिका धेरै दीर्घरोगीले यसअघि नै खोप लगाएको हुँदा १२ देखि १८ वर्ष उमेरका बालबालिकालाई समेत पुग्छ भन्ने अनुमान गरी खोप दिन लागिएको छ ।’

यसका साथै मंसिर ४ सम्म यी समूहलाई खोप लगाइसकेपछि खोप बाँकी रहे १२ देखि १८ वर्षका अन्य बालबालिकालाई पनि खोप लगाउने उनले जानकारी दिए । यो खोप कार्यक्रम भने मंसिर ५ देखि ७ गते सम्म सञ्चालन हुनेसमेत बताइएको छ ।

सरकारले १२ देखि १८ वर्ष उमेर समूहका बालबालिकालाई खोप लगाउन फाइजर र मोडर्नासँग खरिद प्रक्रिया अघि बढाइसकेको छ ।

नेपालले फाइजर कम्पनीसँग ६० लाख मात्रा र कोभ्याक्स सुविधामार्फत लागत साझेदारीमा ४० लाख मात्रा खोप खरिद गर्न सम्झौता गरिसकेको छ । फाइजर आगामी डिसेम्बर अन्तिमसम्म र सन् २०२२ को सुरुवातमा आइपुग्ने बताइएको छ ।

१२ वर्षमाथिका निम्न दीर्घरोग भएका बिरामीलाई यो खोप लगाइने बताइएको छ । साथै लामो समयदेखि मुटुका बिरामी भइ अप्रेसन गरेका वा औषधि प्रयोग गरिरहेका बिरामी, लामो समयदेखि मिर्गौलासम्बन्धी समस्या भइ मिर्गौला फेरेका, डायलाइसिस गराइरहेका, औषधि सेवन गरिरहेका बिरामी, जुनसुकै प्रकारको क्यान्सरको पहिचान भइ अप्रेसन गरेका तथा उपचारमा रहेका बिरामी, लामो समयदेखि छातिको समस्या भइ चिकित्सकको सिफारिशबमोजिम औषधि खाइरहेका बिरामी, अंग प्रत्यारोपण गरेका व्यक्ति, लामो समयदेखि उच्च रक्तचाप र मधुमेह भइ चिकित्सकको निगरानीमा उपचार गराइरहेका बिरामी, कुनै पनि कारणबाट रोग प्रतिरोधात्मक क्षमता न्यून भएका व्यक्ति र मस्तिष्क र मस्तिष्कका रक्तनलीसम्बन्धी रोग (जस्तै पक्षाघात, एन्युरिजम, रक्तनलीमा भएका विकृति आदि) लागेका व्यक्तिलाई यो खोप लागाइने बताइएको छ ।


## बहराइनमा रोजगार | १. कम्पनी : RAHEEQ FLOWER CENTRE शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०७८/०७/०८ चलानी नं.: ६०१६७१२४ L.T. No.: 249287

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 12 | 7 | सम्बन्धित काममा दक्ष | 150 | ४७,०११ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner / Labour | 5 | 0 | | 120 | ३७,६०९ | | | | | | | |

२. कम्पनी : Stiller Manpower Agency शहर: Bahrain
पूर्व स्वीकृत मितिः २०७८/०७/१७ चलानी नं.: ६०१६७१२८ L.T. No.: 249679

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bricklayer Stone Mason Tile Setter | 5 | 0 | सम्बन्धित काममा दक्ष | 120 | ३७,६०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Preparer (Coffee) | 15 | 0 | | 120 | ३७,६०९ | | | | | | | |
| 3. | Waiter | 30 | 5 | | 120 | ३७,६०९ | | | | | | | |
| 4. | Server (Fast Food) | 30 | 0 | | 120 | ३७,६०९ | | | | | | | |
| 5. | Cook | 25 | 0 | | 150 | ४७,०११ | | | | | | | |
| 6. | Dish Washer (Restaurant & Kitchen) | 20 | 0 | | 100 | ३१,३४१ | | | | | | | |
| 7. | Driver (Food Distribution) | 20 | 0 | | 120 | ३७,६०९ | | | | | | | |
| 8. | Light Vechcle Driver | 5 | 0 | | 150 | ४७,०११ | | | | | | | |
| 9. | Cleaner General | 40 | 15 | | 100 | ३१,३४१ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २ गते (18 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ को रु.१०,०००/- अन्यको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Easy Overseas
Gov Lic No. : 1261/074/75
**EASY OVERSEAS PVT. LTD.**
Basundhara, Kathmandu, Tel.:01-4016539
9851176605, 9849124498, 9849991143, Pokhara :9802855070


# अपराध निर्मूल गर्न विशेष योजना तर्जुमा गरी काम गर्नुपर्छ : प्रहरी महानिरीक्षक

**इमरान खान/मध्यान्ह**
चितवन, २४ कात्तिक

प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीले प्रहरी कर्मचारीहरुले आफ्नो आचरण व्यवहारमा नम्रता देखाउनुपर्ने तर कानून कार्यान्वयनमा कुनै सम्झौता नगरी नागरिकमैत्री व्यवहार प्रदर्शन गरी काम गर्नुपर्ने बताएका छन् । नेपाल प्रहरी शिक्षालय भरतपुरमा संचालित विभिन्न उन्नत तथा आधारभूत तालिममा तालिमरत प्रशिक्षार्थी, प्रशिक्षक वर्ग साथै चितवन जिल्लास्थित विभिन्न प्रहरी ईकाईका प्रमुखहरुलाई सोही शिक्षालयमा मंगलबार निर्देशन दिँदै प्रहरी महानिरीक्षक क्षेत्रीले सो कुरा बताएका हुन् ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले शिक्षालयमा संचालित विभिन्न तालिममा सहभागी प्रहरी कर्मचारीहरुलाई नेपाल प्रहरी जस्तो गर्व गर्न लायक सेवामूलक पेशा छनोट गरेकोमा बधाई तथा धन्यवाद दिँदै नेपाल प्रहरी सेवाको निष्ठा र मर्यादालाई मनन् गरी बदि्लँदो परिवेश तथा चुनौतीलाई सामना गर्न आफ्ना जिम्मेवारी र उत्तरदायित्वप्रति कटिवद्ध भई निष्पक्षरुपमा नागरिक सेवामा कटिबद्ध हुन निर्देशन दिए । प्रशिक्षण प्रदायक संस्थाहरुमा कार्यरत प्रशिक्षकवर्गले नव आगन्तुक प्रशिक्षार्थी प्रहरी कर्मचारीहरुमा निहीत व्यक्तिगत सिर्जनशिलतालाई यथावत रहन दिनुपर्ने तथा असल प्रशिक्षकले मात्र असल जनशक्ति उत्पादन गर्न सक्ने हुँदा प्रत्येक प्रशिक्षक आफैंमा आदर्श हुनुपर्ने उनको भनाइ थियो ।

प्रहरी महानिरीक्षक थापा क्षेत्रीले कर्तव्यपालनाको सिलसिलामा आउन सक्ने विभिन्न आरोह अवरोहहरुलाई पेशागत निष्ठा र धर्म अनुसार सामना गर्दै व्यक्तिगत आचरण र व्यवहारमा समय सापेक्ष सुधार गरी आफ्नो तह अनुसारको जीवन जिउने शैली अनुशरण गरेमा मात्र प्रहरी पेशालाई गौरवशाली बनाउन सकिने बताए । प्रत्येक प्रहरी कर्मचारीहरुले पारिवारिक जीवन र पेशागत जीवनमा सामञ्जस्यता मिलाई प्रभावकारी र नतिजामूलक कार्यसम्पादन गर्नुपर्नेमा उनले जोड दिए ।

प्रहरी व्यवहार निष्पक्ष र यथोचित हुनुपर्नेमा जोड दिँदै प्रहरी महानिरीक्षक थापा क्षेत्रीले भने, ‘प्रहरी पोशाक र पेशाप्रति स्वाभिमानी हुन सिक्नुस् ।’ हरेक काम कारवाहीमा पारदर्शी भई शून्य सहनशिलताको नीति अवलम्बन गर्नुपर्ने उल्लेख गर्दै प्रहरी संगठनको नीति विपरीत काम गर्ने जो कोही कारबाहीको भागिदार हुने उनले बताए ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक थापा क्षेत्रीले नेपाल प्रहरी शिक्षालय भरतपुर परिसर, कार्यालय तथा आवस गृहको निरीक्षण समेत गरेका थिए । सो अवसरमा बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका प्रमुख प्रहरी नायव महानिरीक्षक प्रकाशजंग कार्की, उक्त शिक्षालयका समादेशक प्रहरी वरिष्ठ उपरीक्षक विष्णुकुमार केसी लगायत अन्य प्रहरी अधिकृतहरु समेतको उपस्थिति रहेको थियो ।

# कपिलवस्तुमा २ लाख बढीको अवैध मलखाद बरामद

**इमरान खान/मध्यान्ह**
कपिलवस्तु, २४ कात्तिक



कपिलवस्तुमा प्रहरीले अवैध डिएपी तथा युरिया मलखाद बरामद गरेको छ । कपिलवस्तु नगरपालिका वडा नं. ३ तिलौराकोट बस्ने ४५ वर्षीय रामचन्द्र केवटले अवैध रुपमा भन्सार छलि चोरी निकासी पैठारी गरी ल्याएको मलखाद प्रहरीले बरामद गरेको हो ।

अवैध रुपमा भन्सार छलि चोरी निकासी पैठारी गरी भारतीय कम्पनीको डिएपी तथा युरिया मलखाद र बिना ईजाजत नेपाली कृषक डिएपी लेखिएको मलखाद लुकाई छिपाई घर कोठामा स्टोर गरी राखी बिक्री वितरण गरेको भन्ने सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय कपिलवस्तुबाट खटिएको प्रहरी टोलीले केवटको घर खानतलासी गरी २ लाख ७४ हजार ४५० रुपैया बराबरको मलखाद बरामद गरेको हो ।

बरामद भएको मध्ये १ लाख ३३ हजार रुपैयाँ बराबरको विभिन्न भारतीय कम्पनीको डिएपी ४७ बोरा र युरिया २८ बोरा, पोटास १ किलोको २० प्याकेट रहेको र बिना इजाजत स्टोर गरी बिक्री वितरण गर्न लुकाई छिपाई राखेको ६० बोरा, अन्दाजी ७५ किलो खोलिएको डिएपी मलखाद, अन्दाजी मुल्य १ लाख ४१ हजार ४५० रुपैयाँ बराबरको नेपाली कृषक डिएपी लेखिएको मलखाद फेला पारी बरामद गरी भारतीय विभिन्न ब्राण्डका डिएपी तथा युरिया मलखाद रहेको कपिलवस्तु प्रहरीले जानकारी दिएको छ ।

# राष्ट्रपतिद्वारा अस्ताउँदो सूर्यको पूजाअर्चना

**काठमाडौं/मस–** छठ पर्वको अवसरमा राष्ट्रपति विद्यादेवी भण्डारीले कमलपोखरीमा अस्ताउँदो सूर्यको पूजाअर्चना गरी अर्घ दिएकी छन् । यस पर्वमा भुसवा र कृषिजन्य अन्नको पीठोबाट बनाइएका विभिन्न मिठाईका परिकारहरूसँगै केराको घरी, माटोको हात्ती, सूप, कनसुपती, कलशसहितको घैँटो आदि सामग्री राखी पवित्रतापूर्वक साँझ अस्ताउँदो सूर्यलाई नमस्कार चढाई अर्घ दिइन्छ ।



राष्ट्रपति भण्डारीले पोखरीको किनारबाट छठी माताको पूजाआराधना गरिन् । उनलाई श्री छठ पूजा समितिका पदाधिकारीले पोखरी क्षेत्रमा पुजा आराधनाका लागि सहजीकरण गरेका थिए । षष्ठी तिथिलाई विशेषगरी खगोलीय अवसर मानिन्छ । अस्ताउँदो र उदाउँदो सूर्यलाई अर्घ दिएमा यसको किरणको प्रभावले चर्मरोग नहुने र पुत्र लाभ हुने जनविश्वास छ भने छठको विधि विधानले शरीर र मनलाई सौर्य ऊर्जा अवशोषण गरी स्फुर्ति प्रदान गरिने बताइन्छ ।


## UAE मा रोजगार FREE VISA, FREE TICKET

कम्पनी :KELVIN CATERING SERVICES(EMIRATES) LLC शहर : UAE, Abu Dhabi
पूर्व स्वीकृत मितिः २०७८/०७/२२ चलानी नं.: ६०१६६८८२ LT. No.: 249814

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Asst. Cook | 20 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ३८,५९२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Foreign Food Cook | 20 | 0 | | 1800 | ५७,८८८ | | | | | | | |
| 3. | Ordinary Labor/cleaner | 100 | 25 | | 900 | २८,९४४ | | | | | | | |
| 4. | Butcher | 5 | 0 | | 1800 | ५७,८८८ | | | | | | | |
| 5. | Supervisor | 5 | 0 | | 2500 | ८०,४०० | | | | | | | |
| 6. | Storekeeper | 5 | 0 | | 1800 | ५७,८८८ | | | | | | | |
| 7. | Waiter/waitress | 35 | 25 | | 1200 | ३८,५९२ | | | | | | | |
| 8. | Baker | 5 | 0 | | 2000 | ६४,३२० | | | | | | | |
| 9. | Salad Maker | 5 | 0 | | 1400 | ४५,०२४ | | | | | | | |
| 10. | Tandoori | 10 | 0 | | 1600 | ५१,४५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ मंसिर २ गते (18 November 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

**नोट : यस संस्था मार्फत माथि किटान गरिएको विदेश स्थित रोजगार दाता कम्पनीमा जानको लागि कुनै पनि शुल्क नलाग्ने भएकोले इच्छुक आवेदकहरुले कुनै पनि मध्यस्थकर्ता वा विचौलीयाको परामर्श तथा प्रयोग नगर्नुहुन अनुरोध छ । साथै यस संस्थाको कुनै पनि शाखा कार्यालय तथा एजेन्ट नभएको जानकारी गराउँदछौं ।**

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**यस संस्था मार्फत वैदेशिक रोजगारीमा जानकोलागि कोही कसैले आर्थिक चलखेल तथा प्रलोभन देखाएमा यस संस्थाको हटलाईन नं. ०१-४३७९७४९ वा Email: applyvnvjobs@gmail.com मा खबर दिनुहोला ।**

License No.: 822|066|067
**Vision & Value Overseas Pvt. Ltd.**
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu.
Tel: 977-01-4379749 / 4379162 / 4379450
Email: applyvnvjobs@gmail.com | URL: vnvjobs.com

## सम्पादकीय

# निन्दा होइन, सुशासन

राजधानी उपत्यकामा बुधबार आयोजित एक कार्यक्रममा प्रधानमन्त्री शेरबहादुर देउवाले पूर्व राजा ज्ञानेन्द्र शाहप्रति आक्रोश पोखेका छन् । प्रधानमन्त्री देउवाले पूर्व राजालाई शासन सत्ताको मोह भए चुनाव जितेर आउन चुनौती दिए । प्रधानमन्त्री देउवाले शासन व्यवस्था विरूद्ध नलाग्न चुनौती दिए । "शासन गर्ने भए चुनाव लडेर आउनुहोस् । प्रजातन्त्रमा त्यो सुविधा छ", प्रधानमन्त्री देउवाको चुनौती थियो । लगत्तै राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष कमल थापाले प्रधानमन्त्री देउवालाई चुनौती दिएका थिए । थापाले राजा विरूद्ध आक्रोश पोखरेल समस्याबाट नभाग्न चेतावनी दिए । थापाले सामाजिक सञ्जालमा लेखे, "राजाविरूद्ध आक्रोश होइन । सुशासन दिनुहोस् । न्यायालय हड्तालमा छ, संसद अवरूद्ध छ, सरकार भ्रष्टाचार/सर्वसत्तावादमा लिप्त छ, धर्मपरिवर्तन व्यापक भएको छ ।"

२०४६ सालमा बहुदल स्थापना पछि नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारीले पनि प्रधानमन्त्री देउवाकै जस्तो चुनौती राजा विरूद्ध दिएका थिए । तत्कालीन राजा विरेन्द्रलाई भण्डारीले राजनीति गर्ने भए चुनाव जितेर आउन चुनौती दिएका थिए । तर त्यसबेला र अहिलेको परिस्थिति एउटै छैन । त्यसबेला भर्खरै पञ्चायती व्यवस्थाको अन्त्य भएको थियो भने मुलुकमा संवैधानिक राजतन्त्र थियो । २०६२ को जनआन्दोलन पछि राजतन्त्रको अन्त्य भयो । अहिले पूर्वराजा ज्ञानेन्द्र शाह नागरिकको हैसियतमा छन् । तर प्रधानमन्त्री देउवा भने तिनै पूर्वराजालाई चुनौतीका रूपमा लिएको संकेतका रूपमा समेत बुधबारको अभिव्यक्तिबाट बुझ्न सकिन्छ ।

तर प्रधानमन्त्री देउवाले भने राप्रपा अध्यक्ष थापाले दिएको चुनौती धेरै हदसम्म तथ्य नजिक छ । अहिलेको व्यवस्था जनताले मात्रै उल्ट्याउन सक्छन् । यदि जनता वर्तमान व्यवस्थाको पक्षमा छन् भने पूर्व राजाको प्रयत्नले मात्रै केही हुँदैनन् । जसरी जनता सडकमा उत्रिएपछि २४० वर्षे शाह वंशीय राजदरबार जोगाउन सकेनन् । राजतन्त्र अन्त्य जनताको चाहना र संघर्षको प्रतिफल थियो । त्यसैले जनताको समस्या वर्तमान व्यवस्थाले हल गर्न सकेन र जनआक्रोश बढ्नु चाहिँ चुनौती हो । रोजगारीको प्रत्याभूति, सुशासनको प्रत्याभूति, कानूनी शासन र सामाजिक न्यायको अनुभूति वर्तमान व्यवस्थाबाट जनताले गर्न सके भने वर्तमान संविधान र व्यवस्थामाथि कुनै चुनौती आउनेछैनन् । राजनीतिक नेतृत्वले यसतर्फ ध्यान दिन जरूरी छ ।

## सामाजिक सञ्जाल



प्रधानमन्त्री र राष्ट्रपतिले बागमती र कमलपोखरीमा छठ पर्व मनाउनुभन्दा विरगञ्ज र जनकपुरमा पुगेको भए कति राम्रो हुन्थ्यो होला । कति अपनत्व महसुस गर्थे होला त्यहाँका जनताले ! काठमाडौं मात्रै देश हैन होला नि, पैतालामा लाउने औषधि टाउकोमा लाएर हुन्छ सधैं !

**- निर्मल प्रसाइँ**



यतातिर 'हाम्रो पार्टीको राम्रो मान्छे' खोज्ने परम्परादेखि आएकोले होला यस पटकको भारतीय पद्मश्री अवार्ड दिएका मानिसहरू देखेर सुखद आश्चर्य लागिरहेको छ । राज्य कसरी समावेशी हुनसक्छ/हुनुपर्छ, बनाउन सकिन्छ भनेर सिक्न हाम्राले पनि त्यो पुरै नामाबली हेरे हुने हो के रे !

**- जुगल भूर्तेल**



प्रम देउवालाई आग्रह– राजाविरूद्ध आक्रोश होईन, सुशासन दिनुहोस् । न्यायालय हडतालमा छ, संसद अवरूद्ध छ, सरकार भ्रष्टाचार/सर्वसत्तावादमा लिप्त छ, धर्मपरिवर्तन व्यापक भएको छ, रोजगारीको खोजीमा ४० लाख युवा विदेश पलायन भएका छन् । संघीय गणतन्त्र असफल भैसक्यो । राजालाई गाली गरेर राज गर्ने जमाना अब छैन ।

**- कमल थापा**



यो देशमा प्रतिगामी शक्तिहरू बारूदको खेती गरेर युद्ध फलाउन पन्ध्र वर्ष पुराना घाउहरू कोट्याउँदै नुनचुक छरिरहेका छन् । ताकी यो देशमा फेरि भिषण युद्ध चलोस् । उनीहरू चाहन्थे शान्ति प्रक्रिया बीचमै अवरूद्ध होस् । संविधान जारी नहोस् । देशले विकाशको लय नसमाओस् ।

**- झकबहादुर मल्ल**



अमेरीका, अस्ट्रेलिया, रसीया जस्ता विकसित मुलुकमा फलानो नेताले विकास गर्दैको भनेर भन्ने कोहि छैन । यता जंगलबाट निस्केर भर्खर कट्टु लगाउन सिकेकाले नेताका गुणगान गाउँदै हिँडछन् । साधारण परिवर्तन त समय परिवर्तन सँगै हुन्छ होला नि ?

**- सुमिता थापा**

**लेखक तथा पाठकवर्गमा अनुरोध**

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेल: article.madhyanhadaily@gmail .com

# संसदीय व्यवस्थाको अराजकता

*पुरानो सत्ता तथा व्यवस्था टिकिरहनुको एउटा प्रमुख कारण अग्रगामी शक्ति, आजको आवश्यताअनुरुपको विकल्प बनेर प्रस्तुत हुन नसक्नु नै हो ।*



● पुष्प गोपाल श्रेष्ठ

